**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क २२१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ भाद्र ६ गते शुक्रबार ❑ 22 Aug. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## समाजवादी व्यवस्थामा मात्र मजदुरका समस्या समाधान हुनेछ: अध्यक्ष दाहाल

पोखरापत्र संवाददाता
पोखरा, ५ भाद्र

नेपाल कम्युनिष्ट पार्टी( माओवादी केन्द्र)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल(प्रचण्ड)ले समाजवादी राज्य व्यवस्थामा मात्र मजदुर वर्गको वास्तविक समस्या समाधान हुने धारणा राख्नुभएको छ।




अखिल नेपाल ट्रेड युनियन महासङ्घ गण्डकी प्रदेश समितिले बिहीबार पोखरामा आयोजना गरेको 'वैचारिक तथा राजनीतिक प्रशिक्षण' कार्यक्रममा उहाँले सहमति र सम्झौताबाट अहिलेको व्यवस्था आएकाले मजदुरहरूले आफ्ना सबै अधिकार प्राप्त गरि नसकेका बताउनुभयो। "मजदुर तथा सम्पूर्ण उत्पीडित वर्गका साथै समुदायको वास्तविक समस्या समाधान समाजवादमा मात्र सम्भव छ। समाजवादी क्रान्तिका लागि अबको तयारी गर्नुपर्दछ", अध्यक्ष दाहालले भन्नुभयो। समाजवादीबीचमा एकता गरी आगामी निर्वाचनमा एकजुट भएर समाजवादी क्रान्तिको रणनीतिलाई अगाडि बढाउनुपर्नेमा उहाँले जोड दिनुभयो। उहाँले भन्नुभयो, "सम्भव भएसम्म समाजवादीहरूको एकता होस् भन्ने चाहना छ। समाजवादी जतिको एउटै केन्द्र बनाएर विशाल शक्ति बनाउँदै आगामी निर्वाचनमा केन्द्रित हुनुपर्ने आवश्यकता छ। समाजवादी क्रान्तिको रणनीतिलाई नेपाली मौलिकता र नेपाली नेतृत्वमा नयाँ ढङ्गले अघि बढाउने उद्देश्य छ।"

अध्यक्ष दाहालले हिजोका उपलब्धिलाई उल्टाउने प्रयास हुनसक्ने भन्दै त्यसका विरुद्ध लड्नका लागि नेताकार्यकर्ता उच्च मनोबल, वैचारिक स्पष्टताका साथ एकजुट हुनुपर्नेमा जोड दिनुभयो। अध्यक्ष दाहालले स्थायी समिति बैठकको सर्कुलरअनुसार अघि बढ्न पार्टीका नेताकार्यकर्तालाई आग्रह गर्नुभयो। उहाँले पार्टीमा गुटबन्दी र स्वार्थ समूहलाई अब छुट दिन नसकिने उल्लेख गर्नुभयो। "पार्टीको नीति, नियम र अनुशासनका विरुद्ध जानेलाई कडा कारवाही गरिनेछ। स्थायी समितिको बैठकमा अन्तिमसम्म एकता सुदृढ गर्ने प्रयास भयो। पार्टीको नीतिका विरुद्धमा जाने छुट कसैलाई छैन", अध्यक्ष दाहालले भन्नुभयो। आसन्न केन्द्रीय समिति बैठकपछि गाउँगाउँमा सङ्गठन निर्माण र विस्तारका लागि नेतालाई जिम्मा दिइने जानकारी दिनुभयो।

कार्यक्रममा अखिल नेपाल ट्रेड युनियन महासङ्घका फ्याक्सन इन्चार्ज रामदीप आचार्य, महासङ्घ गण्डकीका संयोजक रुद्र गौतमलगायत नेता तथा कार्यकर्ताले राजनीतिक परिर्वतनमा मजदुरको भूमिकाका बारेमा आ-आफ्नो धारणा राख्नुभएको थियो।

## सशक्तीकरण, समृद्धि र विकासमा केन्द्रीत हुन सञ्चारमन्त्री गुरुङको आग्रह

पोखरापत्र संवाददाता
पोखरा, ५ भाद्र

नेपाल सरकारका सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वीसुब्बा गुरुङले राजनीतिक आन्दोलन सकिएको जनाउँदै अब सशक्तीकरण, समृद्धि र विकासमा केन्द्रीत हुन आग्रह गर्नु भएको छ।



अखिल नेपाल महिला सङ्घ गण्डकी प्रदेश कमिटीको बिहीबार सुरु भएको दोस्रो सम्मेलनमा बोल्दै नेकपा एमालेका उपमहासचिव समेत रहनुभएका मन्त्री गुरुङले जनता र नेतृत्वले देख्ने गरी काम गरे पद र प्रतिनिधित्व सजिलै प्राप्त हुने तर्क गर्दै सशक्तीकरण, समृद्धि र विकासमा केन्द्रीत हुन आग्रह गर्नु भएको हो। अहिलेकै आरक्षण र प्रतिनिधित्वमा चूप लागेर बसे जनसङ्ख्याको आधारमा प्रतिनिधित्व र अधिकारको एजेन्डा पछि पर्ने बताउदै योजना सहित नेतृत्वदायी भूमिका निर्वाह गर्न आग्रह गर्नुभयो। पार्टीले देख्ने गरी काम गरी आफ्नो क्षमता देखाएका प्रतिभावान व्यक्तिलाई पार्टीले उचित मुल्याङ्कन गर्ने जनाउनु भयो। चरामा पनि मयूर बन्न सुझाव दिदै उहाँले युवाको सक्रिय सहभागिताबिना राजनीति अघि बढ्न नसक्ने उल्लेख गर्दै जनसङ्गठनहरुमा युवाको उपस्थिति कम देखिएको गुनासो गर्नुभयो। उहाँले भन्नुभयो "यहाँ हजुरआमा, आमाहरु धेरै हुनुहुन्छ। एमालेभित्र युवाको अभाव देखियो,"। "तपाईहरुका छोरी, भान्जीहरुलाई किन यहाँ ल्याउन सक्नु हुन्न, आकर्षित गर्न सकिएन, यसमा सबैले सोच्नु पर्छ। " महिलालाई राज्य र सरकारका विभिन्न तहमा अवसर कसैले दिने नभई आफैंले क्षमता विकास गरी त्यसमा दाबा गर्नुपर्नेमा जोड दिदै मन्त्री गुरुङले योजना बनाई, सुशासन र जनसम्बन्धमा पनि पुरुषभन्दा उत्कृष्ट काम गरेर देखाउन सुझाव दिनुभयो। मन्त्री गुरुङले भन्नुभयो, "आउने चुनावमा कति वटा वडाध्यक्ष महिला लड्ने, कुन कुन पालिकामा उपाध्यक्ष, उपमेयर होइन, प्रमुख नै माग्ने भन्ने योजना बनाउनुहोस्, सोहि अनुसारको गृहकार्य आजैबाट सुरु गर्नुहोस।" अध्ययन बिना कोही नेता बन्न नसक्ने विचार राख्दै उनले अध्यय गर्ने संस्कृति कमजोर हुदै गएको उहाँले जनाउनु भयो। २०८४ को आमनिर्वाचनमा एमालेलाई सुविधाजनक बहुमत दिलाउने गरी काम गर्न उपमहासचिव गुरुङले निर्देशन दिनुभयो। बहुमत ल्याउन प्रत्यक्षमा एक सय र समानुपातिकमा ४० प्रतिशत मत ल्याउनु पर्ने उहाँले बताउनु भयो। गण्डकी प्रदेशका ६० सिटमध्ये २० प्रत्यक्ष र १५ समानुपातिक गरी ३५ सिट जित्ने दाबी गरे। एमाले अहिले पनि चौतर्फी घेराबन्दीमा रहेको दाबी गर्दै उहाँले जनसङ्गठनहरुले त्यसलाई तोड्नुपर्ने जनाउनु भयो।

देशका अरु सबै वामपन्थीहरु एमालेको विरुद्धमा रहेको उल्लखे गर्दै गुरुङले कांग्रेससँग सरकारमा गठबन्धन भए पनि अन्त सबैतिर प्रतिस्पर्धा नै भइरहेको दाबी गर्नुभयो। नेकपा एमालेमा अहिले नेतृत्वका लागि वर्तमान अध्यक्षसमेत रहनुभएका प्रधानमन्त्री केपी शर्मा ओलीको विकल्प नदेखिएको उहाँले जनाउनुभयो। कार्यक्रममा नेकपा एमाले जनसङ्गठन संयन्त्र प्रमुख भानुभक्त ढकाल, अखिल नेपाल महिला सङ्घकी केन्द्रीय अध्यक्ष टुकाभद्र हमाल, अखिल नेपाल महिला सङ्घ गण्डकी अध्यक्ष हिराकुमारी गिरी लगायतले बोल्नुभएको थियो।

## संगठन सुदृढतामार्फत सेवा प्रवाहलाई प्रभावकारी बनाउन आवश्यक : मन्त्री थापा

पोखरापत्र संवाददाता
पोखरा, ५ भाद्र

गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रीले संगठनात्मक सुदृढता र आन्तरिक एकतामार्फत जनताप्रति हुने सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउनुपर्नेमा जोड दिएका छन्।




नेपाल निजामती कर्मचारी युनियन जिल्ला कार्यसमिति कास्कीको ९ औं जिल्ला एवम् प्रदेश विभागीय अधिवेशनबाट निर्वाचित पदाधिकारीहरुलाई शपथग्रहण, प्रमाणपत्र वितरण एवम् जिम्मेवारी हस्तान्तरण कार्यक्रमलाई सम्बोधन गदै उनले निजामती कर्मचारी संगठनले कर्मचारी अधिकारको संरक्षणसँगै पारदर्शी, जिम्मेवार र दक्ष सेवाप्रवाहमा योगदान दिनुपर्ने आवश्यकता औंल्याए।

"निजामती कर्मचारी युनियन कर्मचारी वर्गको पेशागत अधिकार र हितको मात्र पक्षधर नभई सुशासन, जवाफदेहितापूर्ण प्रशासन र नागरिकलाई समयमै सेवा पुऱ्याउने संस्कारलाई बलियो बनाउन उत्प्रेरक हुनुपर्छ। संगठनको मजबुती नै विश्वासिलो सेवा र संस्थागत विकासको आधार हो।", उनले भने। संगठनले यथार्थपरक नीति सुझाव, कर्मचारीबीचको एकता र संगठनात्मक सचेतनाबाट सरकार र कर्मचारीबीचको समन्वयलाई अझ सबल बनाउन सक्ने विश्वास उनको छ। मन्त्री थापाले नयाँ नेतृत्वलाई शुभकामना दिँदै जिम्मेवारी वहन गर्न दृढ संकल्पित भई अघि बढ्न आह्वान समेत गरे।

उनले प्रदेश सरकारले गरेका कामको प्रचारप्रसार गर्नुपर्ने आवश्यकता रहेको उल्लेख गरे। विगतका समयमा नभएका कामहरु अहिले सरासर भइरहेको र जनता लाभान्वित हुने गरि अग्रसर रहन समेत कर्मचारीलाई निर्देशन दिएका छन्। तीज पर्वको अवसरमा आयोजना गरिएको शुभकामना आदानप्रदान कार्यक्रमलाई समेत जोड्दै उनले नेपाली समाजमा सद्भाव, पारिवारिक खुसी र सांस्कृतिक एकताको सन्देश प्रवाह गर्ने परम्परा तीज भएको बताए। शपथग्रहण तथा शुभकामना आदानप्रदान कार्यक्रममा जिल्ला कार्यसमिति, प्रदेश विभागीय संरचना, विभिन्न शाखा युनियनका प्रतिनिधिहरु, समाजका सरोकारवाला तथा कर्मचारी परिवारको उल्लेख्य उपस्थिति रहेको थियो। नवनिर्वाचित अध्यक्ष केदार सापकोटाको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा नेपाली काँग्रेस कास्कीका सचिव भानु ढकाल, गण्डकी प्रेस रजिष्ट्रार विमला भण्डारी लगायतले बोलेका थिए। कार्यक्रममा निर्वाचित पदाधिकारीहरुलाई प्रमाणपत्र वितरण गर्दै जिम्मेवारी हस्तान्तरण समेत गरिएको थियो।

## लिपुलेकका सम्बन्धमा दलहरुको एकै स्वर: नेपालको सहमतिबिना भारत र चीनबीचको सम्झौता अस्वीकार्य

रासस
काठमाडौं, ५ भाद्र

मुलुकका सबै राजनीतिक दलका नेताहरुले त्रिदेशीय समझदारीबिना भारत र चीनबीच भएको सीमा व्यापार सम्झौता नेपाललाई अस्वीकार्य भएको बताउनुभएको छ।

नेताहरुले परिपक्व कूटनीतिक प्रयास र सर्वपक्षीय सहमतिका साथ सोसम्बन्धी समस्याको समाधान खोज्नुपर्नेमा जोड दिनुभयो। भारत र चीनबीच भएको सो सहमतिले नेपालको सार्वभौमिकता, स्वाधिनता र भौगोलिक अखण्डतामाथि प्रहार गरेको उल्लेख गर्दै नेताहरूले राष्ट्रिय हितका पक्षमा तत्काल राजनीतिक र कूटनीतिक पहल थाल्न सरकारलाई सुझाव दिनुभयो। प्रतिनिधिसभाको बिहीबारको बैठकमा नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले नेपालको भूमि लिपुलेकका सम्बन्धमा भारत र चीनले गरेको सहमति अस्वीकार्य रहेको बताउनुभयो। उहाँले सम्पूर्ण राजनीतिक दलको सहमतिबाट सो सम्बन्धमा नेपाल सरकारले उचित कदम चाल्नुपर्नेमा जोड दिनुभयो। "यो विषयमा नेपालका सबै राजनीतिक दलहरू विगतमा जस्तै एक ठाउँमा उभिनुपर्छ। म नेपाली कांग्रेस पार्टीका तर्फबाट सबै दललाई एकढिक्का हुन आग्रह गर्दछु, मतमतान्तर र प्रतिस्पर्धा आआफ्ना ठाउँमा छन्, यसलाई घरेलु राजनीतिको विषय नबनाउँ, उग्र राष्ट्रवादी हुनेतर्फ पनि हामी नलागौँ," कांग्रेस महामन्त्री थापाले भन्नुभयो, "हाम्रो भूमिमाथि आँखा लगाउने कुरा कसैलाई पनि स्वीकार्य छैन, नेपालले यसको प्रतिवाद गर्छ। हामीले यो 'पोजिसन' बनाउनुपर्ने छ।"

यसैगरी नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सचिव योगेश भट्टराईले नेपालको सहमतिबिना छिमेकी मुलुक भारत र चीनले नेपाली भूमि लिपुलेकको सम्बन्धमा गरेको सम्झौता नेपाली जनता, सरकार र संसद्लाई अस्वीकार्य रहेको बताउनुभयो। "सो सम्बन्धमा सरकारको तत्कालको प्रतिक्रियाले मात्रै पुग्दैन", उहाँले भन्नुभयो, "उक्त भूमि नेपालको हो, यसको रक्षार्थ सम्पूर्ण नेपालीको एक स्वर हुनुपर्छ।" नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का सचिव देवेन्द्र पौडेलले पूर्खाले बलिदान गरेर कायम गरेको भूमि जोगाउन सिङ्गो नेपाल एक हुनुपर्नेमा जोड दिनुभयो। लिम्पियाधुरा, लिपुलेक

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# भद्रकालीमा कृषि विकास बैंकको सुरक्षित लकर

**शोभाकान्त सिग्देल**
पोखरा, ५ भाद्र

तीजले ढपक्क ढाक्यो । सुनले छपक्क सजायो। जता भिड उतै डर। साँझ पऱ्यो झन डर। घरभित्र दराजमा सुन राख्दा राति निद्रा नलाग्ने। राती यसो पल्टियो त्यी सुन झल झली दिमागमा आयो । घरी घरी ढोका ढकढकाएजस्तो लाग्छ। कोही चोर पस्यो कि भन्ने डर मनमा उर्लिन्छ। वडा नं १३ बासीका मनमा कता कता डर बाँचिरहेका थियो। तर अब सरकारी पहिलो बैंकको लकर सेवाले त्यो डरलाई विस्तारै हराउँदै लाने छ। सुनलाई समाजमा सम्पत्ति, सन्तानको भविष्य र मायाको धरोहर मानिन्छ। अझ विशेष गरी विवाहमा वधुलाई गहना लगाइदिँदा, वधुलाई दाइजोमा सुन दिँदा वा धार्मिक संस्कारमा प्रयोग गर्दा सुनसँग परिवारको भावना जोडिएको छ। त्यसैले यसको सुरक्षा केवल सम्पत्तिको रक्षा होइन, विश्वास र भविष्यको रक्षा पनि हो। भिवष्यको रक्षाको लागि सुन राख्ने सुरक्षित स्थान भनेको लकर हो। वडा नं १३ मै पहिलो सरकारी कृषि विकास बैंक लिमिटेड भद्रकाली शाखाले ल्याएको छ सुरक्षित लकर। विशेष गरी तीज, दशैं, तिहार वा बिहेको सिजनमा सुनको व्यापार र प्रयोग अत्यधिक हुने हुँदा लकरको महत्व अझ बढी महसुस हुन्छ । आमा-बुबाले छोरीलाई दिने सुन वा पुस्तौं पुरानो धरोहर पनि अब लकरमा राख्दा ढुक्ले निधाउने र मनमा शान्ति महसुस हुन्छ। तीजको छेको पारेर भद्रकाली शाखाले आयोजना गरेका वित्तिय साक्षरता तथा तीज विशेष कार्यक्रममा लकरको वारे बढि भन्दा वढि चर्चा भएको थियो। वडा १३ कि वडा सदस्य तथा वहुप्रतिभाकी धनि सुचित




तामाङले तीजलाई महिलाको मात्र पर्व नभई, सामाजिक एकता, संस्कृतिको संरक्षण र सहकार्यको प्रतीकका रूपमा लिनुपर्ने वताइन। वडा सदस्य तामाङले बैंक सामाजिक उत्तरदायित्व अन्तर्गत यस्ता कार्यक्रमले कर्मचारीबीच आत्मीयता र सेवाग्राहीबीच विश्वास बढाउने उल्लेख गरिन्। कृषि विकास बैंक गण्डकी प्रदेश कार्यालयका निर्देशक घनेन्द्र अधिकारीले लकर केवल फलामको बाकस होइन। यसले मनको शान्ति, परिवारको भविष्य र सम्बन्धको सुरक्षा पनि बोकेको निर्देशक अधिकारीले जानकारी दिए। शाखा वडा नं १३ मा ल्याउन प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्नु हुने सवै समाजसेवी र विकासप्रेमीहरुलाई अत्मैदेखी निर्देशक अधिकारीले मुरीमुरी धन्यवाद दिए।

कृषि विकास वैक लिमिटेड भद्रकाली शाखाका प्रवन्धक राधादेवी शर्माले कृषक र हरेक समुदायलाई सजिलै ऋण दिने वातवरण साथमा बचत सेवामा विश्वास दिलाउँदै आएको भद्रकाली शाखामा सुरक्षा र विश्वासको नयाँ अध्याय सुरु भएको भनिन्। प्रवन्धक शर्माले उपस्थित सवैलाई सितल लयमा महिला सशक्तिकरण, वित्तीय पहुँच र आत्मनिर्भरता सम्बन्धी छोटो प्रस्तुति पनि पस्किन्। बैंकले महिलामैत्री ऋण सुविधा, उद्यमशिलता प्रोत्साहन र सीपमूलक तालिमका बारेमा जानकारी गराउँदै तीजलाई केवल नाचगानमा मात्र सीमित नभई आर्थिक सचेतना फैलाउने अवसरको रूपमा पनि लिनु पर्ने प्रवन्धक शर्माले धारणा राखिन्। शाखामा सुरु गरिएको लकर आधुनिक सुरक्षा प्रणालीसहित सञ्चालित भएकोले ढुक्कले सामान राख्न प्रवन्धक शर्माले अनुरोध गरिन्। बैंकको यो तीज उत्सव केवल रमाइलोको कार्यक्रम मात्र नभई सामाजिक उत्तरदायित्वलाई व्यवहारमा उतार्ने एउटा सफल प्रयासको रूपमा स्थापित भएको कृषि विकास बैंकका पूर्व वरिष्ठ शाखा प्रमुख मोती प्रसाद पौडेल पोखरापत्रलाई वताए। धेरैका लागि सुन लकरमा राख्दा सुन मात्र होइन, मन पनि सुरक्षित भएको अनुभूति हुने पौडेलले पोखरापत्रसँग खुशी व्यक्त गरे। कृषि विकास बैक भद्रकाली शाखाका कर्मचारी शशिकला लामिछानेले तीजको सुरिलो गीतहरु, वित्तिय साक्षरता र बैकको आत्मीय कार्यक्रमले सम्पुर्ण छिमेकीहरुवीचको आत्मियता अझ गहिरो भएर जाने विश्वास बढेको पोखरापत्रलाई सुनाईन। कार्यक्रममा सहभागी पुर्णकुमारी गुरुङले भनिन्, "बैंकले पर्वलाई यसरी मनाएर मात्र होइन, महिलाका लागि उपयोगी योजनाबारे जानकारी पनि दिएकोमा निकै खुसी लाग्यो।" हाम्रो वडामा सरकारी बैक खुल्नाले मेहनत गरेर कमाएको सुन, चाँदी, गरगहना वा महत्वपूर्ण कागजात सुरक्षित राख्ने चिन्ता अवबाट हटेको शाखाकै नजिक बस्ने समाजसेवी सन्ध्या सिग्देलले पोखरात्रलाई वताइन्। कार्यक्रममा कृषि विकास बैकका पूर्व कर्मचारी भिमवहादुर रानाभाट र पोखरा १३ चिसापानी निवासी तथा राष्ट्रिय गायिका बालकाशी गुरुङले पस्केका गीतहरुले उपस्थित सबैलाई मन्त्रमुग्ध पारेको थियो। पोखरा १३ स्थित महिला तथा बाल कल्याण कुञ्ज समुहले प्रस्तुत गरेको स्वागत गीतले पनि सरकारी बैकको महत्ववारे प्रकाश पारेको थियो। कार्यक्रममा वडा १३ का टोल विकास सस्थाका आमाहरुले पनि आफ्नो भावना प्रस्तुत गरेका थिए। बुधवार भएको कार्यक्रममा पृथ्वीधर सिग्देल समाजकी अध्यक्ष मैया सिग्देलले तीजको गीत पस्केर आफ्नो भनाइ सुरु गरिन। घर नजिकै सरकारी बैक आउनु त्यसमा पनि लकरको सुविधाले वडावासीलाई हर्षमय बनाएको अध्यक्ष सिग्देलले खुशी व्यक्त गरिन। कार्यक्रममा कृषि विकास बैक भद्रकाली शाखाका कर्मचारी भविलाल रेग्मीले साहित्यमय लयमा कार्यक्रम संचालन गरेका थिए। सो भव्य कार्यक्रममा बैंकका महिला कर्मचारी, विभिन्न शाखाका प्रतिनिधि तथा सेवाग्राही महिलाको उत्साहजनक सहभागिता रह्यो। विभिन्न आमा समुहका प्रतिनिधिहरू परम्परागत पहिरनमा सजिएर कुर्चिमा बस्दा पृथ्वीधर सिग्देल समाजको परिसरनै रंगीन मेला बनेको थियो। गीत र नृत्य वाचनले कार्यक्रमलाई अझ आकर्षक बनायो।

# स्व: झलकमान गन्धर्वको स्मृतिमा हुलाक टिकट प्रकाशन गर्न सरकारको ध्यानाकर्षण

**पोखरापत्र संवाददाता**
पोखरा, ५ भाद्र

पोखरेली नवरत्न, सारङ्गी सम्राट स्वर्गीय झलकमान गन्धर्वको स्मृतिमा हुलाक टिकट प्रकाशन गर्न नेपाल सरकारको ध्यानाकर्षण गरिएको छ।

पोखराको बाटुलेचौरमा वि.सं १९९२ सालमा जन्मिएर नेपाली लोक गीत र संस्कृतिको क्षेत्रमा योगदान पुर्याएका गन्धर्वको तस्वीर अंकित हुलाक टिकट प्रकाशन गर्न सरकारका प्रवक्ता एवम् संचार तथा सुचना प्रविधि मन्त्री पृथ्वीसुब्बा गुरुङको ध्यानाकर्षण गराईएको हो । मन्त्री गुरुङ समक्ष संस्कृतिकर्मी रामबहादुर बानियाँले स्वर्गीय गन्धर्वले नेपाली लोक गीत र संगीतको क्षेत्रमा पुर्याएको योगदानको जानकारी गराउँदै, उहाँको स्मरण र योगदानको कदर स्वरूप हुलाक टिकट प्रकाशन गर्न आग्रह गरे । बानियाँले टिकट प्रकाशनका लागि गरिएको



अनुरोध सहितको पत्र मन्त्री गुरुङलाई हस्तान्तरण गर्नुभयो।

जवाफमा मन्त्री गुरुङले गन्धर्वको तस्वीर अंकित हुलाक टिकट प्रकाशन गर्न आफु सकारात्मक रहेको बताउँदै, केही महिना भित्रै यसको प्रक्रिया सुरु गरिने आश्वासन दिए । मन्त्री गुरुङलाई भेट्न संस्कृतिकर्मी बानियाँ सहित पोखरा १६ का पुर्व वडाध्यक्ष दानबहादुर बानियाँ, जीवनप्रसाद आचार्य, नेपाल गन्धर्व समुदाय विकास समाजका दिनेश गायक, सुनिल गायक लगायतका मन्त्री गुरुङ बसेको होटलमा पुगेका थिए। दर्जन भन्दा बढी लोकप्रिय गीतका सर्जक गन्धर्वले राष्ट्रिय स्तरका विभिन्न पुरस्कार तथा सम्मान पाएका छन्। लोक संगीत र सारङ्गीको संरक्षणमा जीवन व्यतित गरेका गन्धर्वको वि.सं २०६२ मंसिर ६ गते ७१ वर्षको उमेरमा निधन भएको थियो।

# प्रहरी कार्यालयलाई पोखरा रोयल सहकारीको सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, ५ भाद्र

पोखरामा प्रधान कार्यालय रहेको पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेडले ईलाका प्रहरी कार्यालय बेलचौतारालाई कार्यालयको लागि आवश्यक सामग्री हस्तान्तरण गरेको छ।

ईलाका प्रहरी कार्यालय बेलचौताराबाट हुने अपराध अनुसन्धान कार्यको लागि सहयोग गर्ने उद्धेश्यका साथ एक थान रंगीन प्रिन्टर र केही उपयोगी कार्यालय सामाग्री हस्तान्तरण गरेको संस्थाका उमानाथ आचार्यले



जानकारी दिनुभयो। उक्त सामाग्री संस्थाका अध्यक्ष रुद्र कुमारी गुरुङले ईलाका प्रहरी कार्यालयका प्रमुख इन्सपेक्टर पोषण थापालाई हस्तान्तरण गर्नुभयो । सो अवसरमा इन्सपेक्टर थापाले सहकारीले गरेको सहयोगको लागि धन्यवाद ज्ञापन गर्दै पोखरा रोयल सहकारीको छबि र सामाजिक उत्तरदायित्वको प्रशंसा गर्नुभयो। उहाँले प्रहरी, नागरिक समाज र विभिन्न सामाजिक संघ संस्थाको सहकार्यबाट शान्ति सुरक्षा र असल समाज निर्माण गर्न सकिने बताउनु भयो। संस्थाका अध्यक्ष गुरुङले सहकारी संस्थाले समाज रुपान्तरणमा समेत भुमिका निर्वाह गर्नुपर्ने बताउनुभयो। सुखी सदस्य र दिगो सहकारीको परिकल्पनाका साथ संस्थाले १० हजार बढी सदस्यलाई वित्तीय सेवा प्रदान गरिरहेको, पोखरा लगायत शुक्लागण्डकी ४ दुलेगौंडा तनहुँ, पोखरा २९ भण्डारढिक र पोखरा ३० मोहरिया सेवा केन्द्रबाट सेवा प्रदान गरिहेको संस्थाका सूचना अधिकारी मीलन ढकालले जानकारी गराउनुभयो। तनहुँको दुलेगौंडा सेवा केन्द्र अन्तर्गत २ हजार १ सय ७५ जना सदस्य र ३० करोड बराबरको कारोबार रहेको छ। कार्यक्रममा संस्थाका समिति, उपसमिति र उच्च व्यवस्थापन अधिकारीहरुको समेत सहभागीता रहेका थियो।

# पोखरामा आप्रवासी स्रोत केन्द्र स्थापना

**पोखरापत्र संवाददाता**
पोखरा, ५ भाद्र

वैदेशिक रोजगारीलाई सुरक्षित बनाउन परामर्श तथा सहजीकरणका लागि जिल्ला प्रशासन कार्यालयको परिसरमा आप्रवासी स्रोत केन्द्र (सहायता कक्ष) स्थापना भएको छ।

पोखरा महानगरपालिकाले रु १६ लाख लागतमा केन्द्र स्थापना गरेको हो।

केन्द्रबाट सुरक्षित वैदेशिक रोजगारसम्बन्धी सूचना तथा परामर्शका साथै कानुनी सहायता गरिने पोखरा महानगर प्रमुख धनराज आचार्यले बताउनुभयो। वैदेशिक रोजगारीमा जाने तयारीका युवालाई वैदेशिक रोजगारीमा जाँदा अपनाउनुपर्ने सुरक्षासम्बन्धी परामर्श, सावधानी तथा निःशुल्क तालिमका लागि सिफारिस तथा अप्ठ्यारोमा परेकालाई कानुनी सहायताका लागि केन्द्र स्थापना गरिएको उहाँको कथन छ।

# बाँझापाटन (क) टोल विकासको १६ औं साधारण सभा

**पोखरापत्र संवाददाता**
पोखरा, ५ भाद्र

पोखरा महानगरपालिका वडा नं १३ स्थित बाँझापाटन (क) टोल विकास संस्थाको १६ औं वार्षिक साधारण सभा तथा महिलाहरुको महान पर्व हरितालिका तीजको अवसरमा आयोजीत दरखाने कार्यक्रम बुधवार सम्पन्न भयो । वडा नं १३ कि वडा सदस्य सुचित तामाङले टोललाई सुन्दर बनाउन सबै भन्दा ठूलो शक्ति भनेकै त्यहाँका नागरिकहरू एक हुनु पर्नेमा जोड दिइन्। बाँझापाटनमा सवै सदस्यहरुमा एकताको भावना भएकोले विकासका कार्यक्रम राम्रो भएको सदस्य तामाङले भनिन्। वडा सदस्य तामाङ भन्छिन् "साना-साना प्रयासहरूले ठूलो परिवर्तन ल्याउँछन्, त्यसैले हरेक सदस्यको सक्रियता नै



हाम्रो टोलको उज्यालो भविष्य हो।" कार्यक्रममा टोलका सदस्य लगायत शुभचिन्तहरुको उत्कृष्ट नृत्यले सवैलाई मन्त्रमुग्ध पारेको थियो।

कार्यक्रममा टोलमा एक सय वर्ष पुगेका जेष्ठ नागरिक कुलवहादुर गुरुङलाई दोसल्ला ओढाएर सम्मान गरिएको थियो। बाँझापाटन (क) टोल विकास संस्थाका अध्यक्ष सु. नौ वहादुर गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा कमल पोखरी मार्ग टोल विकास सस्थाका अध्यक्ष सु. इन्द्रवहादुर गुरुङ, सृजना मार्ग टोल विकास संस्थाका अध्यक्ष क्या. देव गुरुङ र बाँझापाटन (क) टोल विकास महिला समुहका उपाध्यक्ष ममता घिमिरे लगायत वोलेको कार्यक्रममा सस्थाका प्रथम उपाध्यक्ष ईश्वर गुरुङले स्वागत र सचिव मेनकुमार गुरुङ (कालु)ले साहित्यमय लयमा संचालन गरेका थिए। साधारण सभामा संस्थाका सचिव मेनकुमार गुरुङ र कोषाध्यक्ष मोहनराज गुरुङले प्रस्तुत गरेको प्रतिवेदन पारित भएको छ।

# लिपुलेकका ...

र कालापानी नेपाली भूमि भएको स्पष्ट गर्दै उहाँले सो सम्बन्धमा सर्वपक्षीय समझदारी गरेर सरकारले कूटनीतिक पहल थाल्नुपर्ने धारणा व्यक्तगर्नुभयो।"उत्तेजनात्मकअभिव्यक्तिको तरिकाले होइन, परिपक्व कूटनीतिक प्रयास गरियोस्", सचिव पौडेलले भन्नुभयो, "प्रधानमन्त्रीको आसन्न भारत र चीन भ्रमणका क्रममा यो विषय स्पष्टसँग राखिनुपर्छ।" नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का उपाध्यक्ष प्रकाश ज्वालाले भारत र चीनले नेपालको सहमति नलिई लिपुलेक नाकालाई व्यापारिक प्रयोजनका लागि खोल्ने एकतर्फी सौदावाजी अस्वीकार्य भएको बताउनुभयो । "यो सम्झौता अन्तरराष्ट्रिय कानुन र पञ्चशीलको सिद्धान्त विपरीत पनि छ, यो मिचाहा र हैकमवादी प्रवृत्ति भएन र ?", उहाँले प्रश्न गर्नुभयो, "महाकालीपूर्वका कालापानी, लिपुलेक र लिम्पियाधुरालगातका क्षेत्र नेपालको अभिन्न भूभाग हुन्, यो सहमतिलाई अस्वीकार गर्दै राष्ट्रियताको रक्षाका लागि जोडदार आवाज र दबाब दिन आवश्यक छ।" जनता समाजवादी पार्टीका सांसद रञ्जुकुमारी झाले राष्ट्रिय मुद्दामा सिङ्गो मुलुक एकताबद्ध हुनुपर्नेमा जोड दिँदै नेपालको सहमतिबिना भारत र चीनबीच भएको व्यापार सम्झौताप्रति आपत्ति जनाउनुभयो । उहाँले प्रधानमन्त्रीको आसन्न भारत र चीन भ्रमणका क्रममा उक्त विषयलाई स्पष्टसँग राख्नुपर्नेमा जोड दिनुभयो। "यो राष्ट्रको विषय हो, सिङ्गो संसद्मा यसबारे ध्यानाकर्षण भएको छ, सरकारले आवश्यक कूटनीतिक पहलकदमी लिनुपर्छ", उहाँले भन्नुभयो।नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले लिम्पियाधुरा, लिपुलेक र कालापानीको भूमि समेटिएको नेपालको नयाँ नक्सा अन्तरराष्ट्रिय समुदायलाई जानकारी नगराउँदा अहिले समस्या देखिएको बताउनुभयो । उक्त भूभाग नेपालकै भएको सप्रमाण रहेकाले यससम्बन्धमा कुनै पनि मुलुकले गर्ने सहमति, सम्झौता नेपाललाई अस्वीकार्य हुने उल्लेख गर्नुभयो । 'महाकाली नदीपूर्वका लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको अभिन्न भू-भाग' सरकारले नेपालको संविधानमा नै आधिकारिक नक्सा समावेश भइसकेको र उक्त नक्सामा महाकाली नदीपूर्वका लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको अभिन्न भू-भाग रहेको तथ्यमा स्पष्ट रहेको जनाएको छ । नेपाली भूमि लिपुलेक हुँदै भारत-चीनबीच सीमा व्यापारका विषयमा आमसञ्चारमाध्यममार्फत सार्वजनिक प्रश्नका सम्बन्धमा परराष्ट्र मन्त्रालयले बुधबार स्पष्ट पार्दै भारत सरकारलाई उक्त क्षेत्रमा सडक निर्माण/विस्तार, सीमा व्यापार जस्ता कुनै पनि क्रियाकलाप नगर्न आग्रह गरेको हो।

उक्त क्षेत्र नेपाली भू-भाग रहेको विषय मित्रराष्ट्र चीनलाई समेत जानकारी गराइसकिएको मन्त्रालयको विज्ञप्तिमा जनाइएको छ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

आफुले कमाउनु भन्दा कम खर्च गर्ने गर।

- पल क्लिथेरोई

## सम्पादकीय

# भारत र चीनले गरेको सहमतिमा नेपालका दलको एक स्वरमा विरोध

नेपालका राजनीतिक दलहरूले नेपालको महाकाली नदी पूर्वका भूभाग लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्रमार्फत चीन-भारतको द्विपक्षीय व्यापार सम्झौता गर्ने विषय स्वीकार्य नभएकोमा एक मत छन् । बिहीबार बसेको प्रतिनिधिसभामा आकस्मिक, सुन्य र विशेष समयमा बोल्दै दलका नेताहरूले भने, 'हाम्रो भूमि भारत र चीनले उपभोग गर्ने विषय स्वीकार्य छैन ।' सांसदहरूले भारत र चीनलाई नेपालको भूमिमा व्यापार गर्न दिन नदिइने बताए। उनीहरूले यसबाटनीतिक पहल गर्न सरकारको ध्यानाकर्षण गराए। बैठकमा प्रतिनिधिसभाको सबैभन्दा ठुलो दल नेपाली कांग्रेसका महामन्त्री गगन थापाले महाकाली लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्रमार्फत चीन-भारतको द्विपक्षीय व्यापार सम्झौताको विषयलाई घरेलु राजनीतिको विषय बनाउन नहुने बताए। नेपालको सहभागिताबिना भारत र चीनबिच भएको सहमति स्वीकार्य नहुने भन्दै यस विषयमा उग्र राष्ट्रवाद देखाउन आवश्यक नरहेको थापाको भनाइ थियो। थापाले नेपालको भूमिमाथि धावा बोल्ने कार्यविरुद्ध सबै राजनीतिक दलहरूले एक ठाउँमा उभिएर सन्देश दिनुपर्ने धारणा राखे।

'यो विषयमा नेपालका सबै राजनीतिक दलहरू एक ठाउँमा आएर उभिनुपर्छ। हिजो पनि उभियौँ, आज पनि हामी उभिनुपर्नेछ। म नेपाली काँग्रेसको तर्फबाट सबै दलहरूलाई आग्रह पनि गर्न चाहन्छु,' थापाले भने, 'हाम्र ग मतान्तर र प्रतिस्पर्धा आफ्नो ठाउँमा छन् । हामी कोही पनि यो विषयलाई घरेलु राजनीतिको विषय नबनाऔँ । उग्रराष्ट्रवादी हुनेतर्फ पनि हामी नलागौँ । यो विषयमा भारत र चीन दुवैलाई नेपाली राजनीतिक दलहरूले एउटै सन्देश दिनुपर्छ-हाम्रो भूमिमाथि आँखा लगाउनु कुरा हामी कसैलाई पनि स्वीकार्य छैन। नेपालले यसको प्रतिवाद गर्छ । हामीले यस्तो पोजिसन बनाउनुपर्नेछ ।' सरकारको नेतृत्वकर्ता दल तथा प्रतिनिधिसभाको दोस्रो ठुलो दल नेकपा एमालेका प्रमुख सचेतक महेश बर्तौलाले लिपुलेक नेपालको अभिन्न अङ्ग भएको बताए। उनले लिपुलेक, लिम्पियाधुरा र कालापानीजस्ता नेपालका अभिन्न अङ्गमाथि नेपालको स्वीकृतबिना सीमा व्यापार गर्ने भारत र चीनबिचको सहमतिको एमालेले विरोध गर्ने बताए।

'नेकपा (एमाले) संसदीय दलको तर्फबाट उहाँहरू (चीन र भारत)बिच भएको सहमतिको विरोध गर्न चाहन्छौँ । हामी यसमा असहमति जाहेर गर्न चाहन्छौँ,' बर्तौलाले भने, 'भूगोल, अर्थतन्त्र र जनसङ्ख्यामा कुनै देश सानो ठुलो हुनसक्छ। तर देशको स्वाभिमान, स्वाधीनता र सार्वभौमिकताका हिसाबले सानो ठुलो हुन सक्दैनन् । हामी हाम्रो देशको स्वतन्त्रता, स्वाधीनतामाथि आघात पुग्ने गतिविधि भयो भने त्यसको हामी विरोध गर्छौँ, प्रतिवाद गर्छौँ ।' प्रमुख प्रतिपक्षी दल नेकपा (माओवादी केन्द्र)का प्रमुख सचेतक हितराज पाण्डेले चीन र भारतबिचको सम्झौताले नेपाल आमालाई दुखिरहेको बताउँदै सरकारको ध्यानाकर्षण गराए। उनले नेपाललाई जानकारी समेत नदिई सीमा व्यापार गर्ने सहमतिप्रति माओवादी केन्द्रको गम्भीर ध्यानाकर्षण भएको बताउँदै आपत्ति जनाए। कुनै पनि सरकारको कामभित्र पर्ने राष्ट्रिय स्वाधीनताको रक्षा गर्न कूटनीतिक र राजनीतिक पहल अगाडि बढाउन आग्रह गरे।

पाण्डेले लिपुलेक र कालापानीबारे छिमेकी देश भारत र चीनबिच भएको भनिएको सम्झौता र त्यससम्बन्धमा नेपालले के गरिरहेको छ त्यसबारे सदनमा जानकारी गराउन मागसमेत गरे। एमाले सांसद ठाकुर गैरेले नेपालको सहभागिताबिना गरिएको सहमतिबाट चीन र भारत फिर्ता हुनुपर्ने बताए। उनले लिपुलेक, कालापानी र लिम्पियाधुराबारे ऐतिहासिक दस्तावेज र तथ्य प्रमाणले नेपालको दाबी पुग्दैन भनेर भारतले घोषणा गर्नू डरलाग्दो अभिव्यक्ति रहेको बताए। 'हामीले पेस गरेको तथ्य प्रमाण र दस्तावेजले कालापानी, लिपुलेक र लिम्पियाधुरा नेपालको हो भन्ने पुष्टि गर्छ। दुई देशबिच भएको उच्चस्तरीय समितिको प्रतिवेदन नबुझ्ने, त्यसका लागि छलफल गर्न तयार नहुने अनि एकतर्फी तिमीहरूको दाबी पुग्दैन भन्नु गलत अभिव्यक्ति हुन् । नेपाल मान्न तयार छैन,' गैरेले भने । गैरेले नेपालको सिङ्गो संसद्ले एक स्वरबाट दुई देशले नेपालको भूमि प्रयोग गरेर गर्न लागेको व्यापार र भारतको गलत अभिव्यक्तिको विरोधमा सिङ्गो संसद् र सबै राजनीतिक दलहरूले सामूहिक रूपले प्रतिवाद गर्नुपर्ने बताए। कूटनीतिक माध्यमबाट नेपालको भौगोलिक अखण्डता, सार्वभौमसत्ता र स्वाभिमानको पक्षमा सिङ्गो देश एक ठाउँमा छ भन्ने विषयमा अभिव्यक्ति गर्नुपर्ने बताए।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद शिव नेपालीले नेपालको भूमि लिपुलेक र कालापानी संरक्षण गर्ने पहल गर्न नेपाल सरकारसँग माग गरे। सांसद नेपालीले भने, 'लिपुलेक र कालापानीको भूभाग छिमेकी देशहरूले प्रयोग गर्ने भन्ने विषय आम सञ्चार माध्यममा आएको छ। नेपालको भूभागको संरक्षण गर्न नेपाल सरकारले यथाशीघ्र पहल गर्नेछ भन्ने विश्वास हामीले लिएका छौँ।' नेपाली कांग्रेसकी सांसद ईश्वरीदेवी न्यौपानेले नेपालको जानकारी विना नेपालको भूमि प्रयोग गर्दै चिन र भारतले व्यापार गर्ने कुरा नेपालकै राष्ट्रियतामाथि प्रहार भएको बताइन्। यो स्वीकार्य नभएको उनको भनाइ थियो। सन् २०२० मा पूर्वी लद्दाखमा दुई एसियाली शक्ति राष्ट्रका सैनिकहरूबिच झडप भएपछि सो नाका व्यापारिक प्रयोजनका लागि बन्द थियो।

गत डिसेम्बरमा भारत र चीनले नेपालको जानकारीबिनै यो नाकाबाट कैलाश मानसरोवर यात्रामा जाने भारतीय तीर्थयात्री आवतजावतका लागि पुनः सुरु गर्ने समझदारी गरेका थिए। हालै उनीहरूले व्यापार सम्झौता गरेको बाहिरिएको छ। नेपाल सरकारले कालापानी, लिपुलेक र लिम्पियाधुरा आफ्नो भएको दाबी समेत भारतले अस्वीकार गरेको छाभारत र चीनले नेपाली भूमि प्रयोग गरेर गरिने सहमति स्वीकार्य नभएको स्पष्ट सन्देश दिएका छन।विश्वको शक्ति राष्ट्र बन्ने होडमा रहेका भारत र चीनले छिमेकी मुलुकलाई गरेको उपैक्षा र बल मिच्याईले साना राष्ट्रहरुलाई झस्काएको छानेपालले छिमेकी दुई मध्ये कुनै एकलाई नजिक र अर्कोलाई टाढा देख्ने दोषी चस्मा फेर्नुपर्छ।संसदमा सत्तारूढ र विपक्षी एक स्वरमा विरोध जनाएको हुँदा सरकारले कुटनैतिक माध्यमबाट समस्या हल गर्न पहल लिनु जरुरी छ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : अप्रत्यसित लाभ |
| वृष | : स्वास्थ्यमा सुधार | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : आर्थिक समस्या | धनु | : मानसिक तनाब |
| कर्कट | : कार्यमा सफलता | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : झमेला बढ्ने |

हरिसिद्धि भविष्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# म्याग्दीमा २३ हेक्टरमा सिँचाइ सुविधा विस्तार

पोखरापत्र संवाददाता
म्याग्दी, ५ भाद्र

राष्ट्रिय कृषि आधुनिकीकरण परियोजनामार्फत आर्थिक वर्ष २०८१/०८२ मा म्याग्दी, बागलुङ, मुस्ताङ र पर्वतमा थप २३ हेक्टरमा सिँचाइ सुविधा विस्तार भएको छ।

सिँचाइ पूर्वाधार निर्माण तथा मर्मतसम्भार कार्यक्रममार्फत ५९ वटा साना सिँचाइ योजना भएका परियोजना कार्यान्वयन एकाइले जनाएको छ । परियोजनाका कृषि अधिकृत विक्रम बस्यालले पानी सङ्कलन गर्ने पोखरी, नहर निर्माण र पाइपलाइन जडानका लागि कूल लागतको ८५ प्रतिशतका दरले रु ९३ लाख ८१ हजार अनुदान वितरण गरिएको जानकारी दिनुभयो।

बेनी, बागलुङ नगरपालिका, काठेखोला, मङ्गला, रघुगङ्गा, अन्नपूर्ण र जलजला गाउँपालिकामा सुन्तला, थासाङको ३, ४ र ५ बाहेक मुस्ताङको २२ वटा वडामा स्याउ, म्याग्दीको छ वटै पालिकामा बङ्गुर, मुस्ताङको लोमान्थाङ, लोघेकर दामोदरकुण्ड र बारागुङ मुक्तिक्षेत्र गाउँपालिकामा च्याङ्ग्रा 'जोन' लागू भएको छ।

यसैगरी म्याग्दीको अन्नपूर्णको सबै वडा, रघुगङ्गाको ५, ६, ७, ८ र बेनी नगरपालिकाको १० नम्बर वडा मुस्ताङको सबै क्षेत्रमा आलु जोन लागू भएको छ । सुन्तला, स्याउ, आलु, च्याङ्ग्रा र बङ्गुरको व्यावसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) कार्यक्रम लागू भएका स्थानका किसानलाई चिस्यानगृह, फलफूल प्रशोधन, कृषि उपकरण, साना सिँचाइ, नर्सरी स्थापना, गोठ सुधारका लागि गत आर्थिक वर्षमा रु दुई करोड ९२ लाख १६ हजार अनुदान वितरण गरिएको थियो।

# अन्नपूर्णका पशुमा मौसमि कृत्रिम गर्भाधान

पोखरापत्र संवाददाता
म्याग्दी, ५ भाद्र

म्याग्दीको अन्नपूर्ण गाउँपालिकाका किसानले पालेका गाईभैसीलाई 'हिट सिङक्रोनाइजेशन' (मौसमी कृत्रिम गर्भाधान) गराउन थालिएको छ।

हिट सिङक्रोनाइजेशन पशुहरूको हिटलाई एउटै चक्र (समय)मा ल्याएर प्रजनन् प्रभावकारी र व्यवस्थित गर्ने आधुनिक प्रविधि हो। यस बिधि मार्फत् औषधिको प्रयोग गरेर एउटा समूहमा रहेका सबै आमा पशुहरूको हिट वा उत्सर्जन चक्रलाई एउटै समयमा ल्याइन्छ । अन्नपूर्ण गाउँपालिकाको पशु सेवा शाखाका नायव पशु सेवा प्राविधिक प्रकाश जिसीले वडा नम्बर ८ राम्चेका किसानले गरेको गाईमा गरिएको मौसमी कृत्रिम गर्भाधान सफल भएपछि पालिकाभर विस्तार गरिएको जानकारी दिनुभयो । "आर्थिक वर्ष २०८१/०८२ मा ८, ६ र ५ नम्बर वडाका करिब ७० वटा गाईभैसीलाई यो बिधीबाट कृतिम गर्भाधान गराइएको छ," उहाँले भन्नुभयो "आर्थिक वर्ष २०८२/०८३ मा चार सय देखि पाँच सय गाईभैसीलाई हिट सिङक्रोनाइजेशन बिधीबाट गर्भाधान गराउने लक्ष्य छ।"

चैत/बैशाखको समयमा पाडापाठी र बाच्छाबाच्छी जन्मने गरेर गाईभैसीमा कृतिम गर्भाधान गराइएको छ। मौसमी कृत्रिम गर्भाधानबाट एउटै समयमा जन्मिएका पाडापाडी, बाच्चाबाच्छीको पालन-पोषण, खोप र व्यवस्थापन गर्न सजिलो भएको छ । पशुको प्रजनन् दर बढ्ने, समय र श्रमको बचत हुने, दूध र मासु उत्पादन नियमित र योजनावद्ध हुने भएकाले यो कार्यक्रमलाई प्राथमिकता र निरन्तरता दिएको अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले बताउनुभयो।

आर्थिक वर्ष २०८०/८१ रु. दुई लाख बजेट रहेको यो कार्यक्रमका लागि २०८१/८२ मा रु. सात लाख बिनियोजन भएको थियो । २०८२/८३ मा कृतिम गर्भाधान कार्यक्रमका लागि रु. पाँच लाख बिनियोजन भएको छ । म्याग्दीमा पहिलो पटक अन्नपूर्ण गाउँपालिकामा पशुमा मौसमी कृतिम गर्भाधान गराइएको हो । यसलाई गाउँपालिकाले सिर्जनशिल र नमुना काम भएको दावी गरेको छ।

# छहरेपानीका विद्यार्थीलाई सहयोग

पोखरापत्र संवाददाता
पोखरा, ५ भाद्र

रोजगारीको शिलसिलामा कोरियामा रहेका नेपालीले पोखराका दुई विद्यालयलाई सहयोग गरेका छन्।

कोरियामा रोजगारीसँगै त्यहाँका सरकारी निकायमा कार्यरत व्यक्तिसँग समन्वय गरी संकलन गरेको रकमबाट पोखरा १६ छहरेपानीस्थित ज्ञानज्योति माध्यमिक विद्यालय र भुप्राङ्कोट आधारभुत विद्यालयका करिब १ सय २२ जना विद्यार्थीलाई शैक्षिक तथा खेलकुद सामग्री वितरण गरिएको समन्वयकर्ता छवि आचार्यले जानकारी दिए। सो सामग्री एक कार्यक्रमका बीच वडा सदस्य रामकाजी गुरुङ, जुनकिरी फाउण्डेशन कोरिया नेपालका प्रतिनिधि दिपक बञ्जाराले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बलराम आचार्य र प्रधानाध्यापक यम कार्कीको उपस्थितीमा विद्यार्थीलाई हस्तान्तरण गरे।

कार्यक्रममा बोल्दै फाउण्डेशनका नेपाल प्रतिनिधि दिपक बञ्जाराले देशका ग्रामीण क्षेत्रमा अझै पनि शिक्षा र स्वास्थ्य सर्वसुलभ हुन नसकेको बताउँदै, आफ्नो संस्था पनि यही क्षेत्रमा क्रियाशील रहेको बताए। उनले कोरियामा रहेका नेपाली तथा त्यहीका प्रहरी सेवामा कार्यरत कोरियन नागरिकसँग सहयोग संकलन गरी यहाँका जेहेन्दार र विपन्न वर्गका विद्यार्थीलाई सहयोग गरेको सुनाए । विद्यालयका प्रधानाध्यापक यम कार्कीले भुपु विद्यार्थीको पहलमा भएको यस कार्यले अन्यलाई पनि हौसला मिल्ने बताउँदै, सहयोगी संस्था र व्यक्तिलाई आभार व्यक्त गरे। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बलराम आचार्यको अध्यक्षतामा भएको कार्यक्रममा वडा सदस्य रामकाजी गुरुङ, भुपु विद्यार्थी छविलाल आचार्य, सि आर भि प्रहरी लामाचौरका प्रमुख पुर्ण बहादुर विक लगायतले संस्थाले गरेको असल कार्यको प्रशंसा गरे। शिक्षक बिष्णुमाया आचार्यले स्वागत गरेको कार्यक्रमको सञ्चालन सहायक प्रअ लक्ष्मी देवकोटाले गरेकी थिइन्।

# इक्यान कास्कीको तीज : शैक्षिक परामर्शमा महिला सहभागितामा जोड

पोखरापत्र संवाददाता
पोखरा, ५ भाद्र



नेपाल शैक्षिक परामर्श संघ (इक्यान) कास्कीले बिहीबार पोखरामा तीज उत्सव मनाएको छ । तीज उत्सव कार्यक्रममा बोल्ने वक्ताले शैक्षिक परामर्शको क्षेत्रमा महिला नेतृत्व र सहभागिता वृद्धि गर्नुपर्नेमा जोड दिएका छन्।

कार्यक्रमकी प्रमुख अतिथि गण्डकी प्रदेश प्रेस रजिस्ट्रार विमला भण्डारीले शैक्षिक परामर्शदाताका रुपमा महिला सहभागिता वृद्धि गर्न र संस्थागत नेतृत्वमा पनि महिलालाई पुर्‍याउन इक्यान कास्कीले भूमिका खेल्नुपर्ने बताइन् । 'इक्यान कास्कीले शैक्षिक क्षेत्रमात्र नभइ अन्य सामाजिक क्षेत्रमा उत्तरदायित्व बहन गर्दै आइरहेको छ,' उनले भनिन्, 'अब विदेश पढ्न गएका विद्यार्थीलाई सवल र सक्षम नागरिक बनाएर स्वदेश फिर्ता गर्ने अभियानमा पनि भूमिका खेल्नुपर्छ ।' उनले युवा र शिक्षासँग सम्बन्धित कार्यक्रममा इक्यान कास्कीसँग गण्डकी प्रदेश सरकारले सहकार्य गरेर काम गर्ने बाटो खुला रहेको उल्लेख गरिन्।

इक्यानका केन्द्रीय उपाध्यक्ष भुवनबहादुर क्षत्रीले शैक्षिक परामर्श क्षेत्रमा महिला नेतृत्वमा पुग्नुपर्छ भन्ने विषयमा संस्था गम्भीर रहेको बताए । उनले यस क्षेत्रमा महिलाको सहयोग महत्वपूर्ण रहे पनि ओझेलमा परेको जस्तो देखिएको उल्लेख गरे। अस्ट्रेलियाको सिड्नी सिटी कलेज अफ म्यानेजमेन्ट एवं अस्ट्रेलियन सिटी इन्टरनेस्नल कलेजकी निर्देशक रञ्जु थापाले महिला शिक्षित हुँदा परिवार नै शिक्षित हुने बताइन् । उनले नेपालबाट अस्ट्रेलिया पुगेका विद्यार्थीलाई सही शिक्षा दिएर नेपाल फर्काउने आफूहरुको ध्येय रहने स्पष्ट पारिन् । 'शिक्षा क्षेत्र विशुद्ध व्यवसाय मात्रै होइन, सामाजिक एवं आर्थिक मूल्य मान्यतालाई परिस्कृत गर्ने माध्यम पनि हो,' उनले भनिन्। भगवान शिव आफै अर्थ नर र अर्थ नारीको रुप भएको बताउँदै उनले लैंगिक समानताका सवालमा शिवबाट सिक्नुपर्ने भनाइ राखिन् । कार्यक्रममा ब्रिलियन्ट एजुकेसनकी निर्देशक कल्पना बस्नेत, एजेन्ट कनेक्टकी निर्देशक तारा गुरुङ, सञ्चारकर्मी एवं व्यवसायी सविता ढकाल, न्याप्सकी मार्केटिङ म्यानेजर गीता राजवहाक लगायतले तीजलाई महिला स्वतन्त्रताको पर्वको रुपमा मनाउनुपर्ने उल्लेख गरे।

इक्यान कास्कीका अध्यक्ष ओमप्रकाश गैह्रेले महिला सशक्तीकरण र पर्वलाई जोड्ने उद्देश्यले तीज मनाउने कार्यक्रम गरिएको बताए । इक्यान कास्कीले भदौ २० र २१ गते पोखरामा आठौं इक्यान शैक्षिक मेला आयोजना गर्न गइरहेको जानकारी उनले दिए।

संस्थाका उपाध्यक्ष सन्तोष शाहीले सहभागीलाई स्वागत गर्दै तीजको शुभकामना दिए । संस्थाका सचिव सुरेन्द्र बरालले सञ्चालन गरेको कार्यक्रममा तीज कार्यक्रममा संयोजक डम्बरबहादुर जिसीले धन्यवाद ज्ञापन गरेका थिए । कार्यक्रममा कलाकार माया गुरुङ, रामजी पौडेल, विकास नेपाली, प्रशान्त तामाङ लगायतले गीत तथा नृत्य प्रस्तुत गरेका थिए।

# कालिका लघुवित्तमा रक्तदान

पोखरापत्र संवाददाता
पोखरा, ५ भाद्र



पोखरा १० बुद्धचोकमा केन्द्रीय कार्यालय रहेको कालिका लघुवित्त वित्तीय संस्थाको १६ औं बार्षिकउत्सवको उपलक्ष्यमा बुधबार खुल्ला रक्तदान कार्यक्रम भएको छ।

नेपाल रेडक्रस सोसाईटी, पोखरासंगको प्राविधिक सहयोगमा रक्तदान कार्यक्रम सञ्चालन गरिएको थियो । संस्थाको कार्यालय प्राङ्गणमा भएको रक्तदानमा ४० युनिट रगत संकलन भएको बरिष्ठ प्रबन्धक दिवस ढकालले जानकारी दिनुभयो । वि.सं. २०६६ सालमा स्थापना भएको यस संस्थाका हाल देशभरका ४८ जिल्लामा १०५ ओटा शाखा कार्यालयहरु रहेका छन्। संस्थाका केन्द्रीय कार्यालय लगायत सम्पूर्ण शाखा कार्यालयहरुमा विविध कार्यक्रमहरु गरी वार्षिकोत्सव भव्य रुपमा मनाइएको थियो।

संस्थाका अध्यक्ष चन्द्रबहादुर क्षेत्री र प्रमुख कार्यकारी अधिकृत कूलचन्द्र पराजुलीले रक्तदाताहरुलाई ब्लड ब्याग प्रदान गरी कार्यक्रम शुरु गरिएको थियो।

# ढोरपाटन र निसेलढोरमा स्याउ नफल्दा किसान चिन्तित

पोखरापत्र संवाददाता
बागलुङ, ५ भाद्र



यस वर्ष निसेलढोर र ढोरपाटनमा स्याउ नफलेपछि किसान चिन्तित बनेका छन्।

निसीखोला गाउँपालिका-५ निसेलढोरको कुँडे, गाभा, काङलगायतका स्थानमा स्याउ उत्पादन नभएपछि किसान चिन्तित भएका हुन् । निसेलढोरसँगै ढोरपाटन नगरपालिका-९ को नवी, भूजी, स्यालपाखेलगायत क्षेत्रमा पनि स्याउ उत्पादनमा गिरावट आएको छ। जिल्लामा सबैभन्दा बढी स्याउ फल्ने क्षेत्रमै उत्पादनमा कमी आएको छ । स्थानीय हेमराज सापकोटाले चार रोपनी क्षेत्रमा लगाएको स्याउले यस वर्ष १० प्रतिशत पनि उत्पादन नदिएको बताउनुभयो । झण्डै एक दशकदेखि स्याउखेती गर्दै आएकामा पछिल्लो तीन वर्षदेखि उत्पादन निरन्तर घट्दै गएको उहाँले गुनासो गर्नुभयो।

"अघिल्लो वर्ष कम उत्पादन भए पनि यस वर्ष अधिकांश स्याउका बोट रित्तो छन्। जलवायु परिवर्तनका कारण समस्या भएको छ। पहिले समयमा नै वर्षा हुने हुँदा राम्रो उत्पादन हुने गरेको थियो। पछिल्ला केही वर्ष यता समयमा पानी पर्दैन।

लाखौँ लगानी गरेर खेती गरेको स्याउ नफल्दा ठूलो नोक्सानी भएको छ", सापकोटाले भन्नुभयो, "यस वर्ष त अचम्मै भयो, रूखमा एउटा/दुई वटा दानाबाहेक देखिँदैनन्। स्याउका बोट सबै खाली छन् । यही हिसाबले त आगामी वर्ष एउटा पनि दाना फल्दैन कि भन्ने डर छ।"

किसान मनबहादुर घर्तीले गत हिउँदमा लामो खडेरी पर्दा स्याउ उत्पादन हुन नसकेको बताउनुभयो । स्याउ उत्पादन हुँदा किसानले लाखौँ नोक्सानी व्यहोर्नु परेको उहाँको भनाइ छ। इटालियन फुजी जातको बाहेक अन्य जातको स्याउ नफलेको घर्तीले सुनाउनुभयो । "पोहोर परार सालमा एक/डेढ लाखको स्याउ बिक्री हुन्थ्यो, यसपालि त दुई हजारको पनि फलेन", उहाँले भन्नुभयो, "हिउँदमा लामो समय खडेरी भयो, हिउँ पनि परेन । हिउँ परे त स्याउ राम्रो उत्पादन हुन्थ्यो, वर्षा नै नहुँदा यो समस्या आयो।" जिल्लाभर ५६ दशमलव ९२ हेक्टर क्षेत्रमा स्याउखेती हुने गरेको छभने बर्सेनि ३३१ दशमलव दुई मेट्रिक टन स्याउ उत्पादन हुँदै आएको थियो। कृषि ज्ञान केन्द्रका सूचना अधिकारी सन्तोष अधिकारीले यस वर्ष उत्पादनमा ठूलो मात्रामा गिरावट आएको बताउनुभयो।

# पाँचवर्षमा पनि सञ्चालन हुन सकेनन् आधारभूत अस्पताल

पोखरापत्र संवाददाता
पर्वत, ५ भाद्र

एक पालिका एक अस्पताल अभियानअन्तर्गत विगत पाँच वर्ष अघिदेखि जिल्लाका विभिन्न स्थानीय तहमा निर्माण थालिएका कुनैपनि आधारभूत अस्पताल हालसम्म सञ्चालनमा आउन सकेका छैनन् ।

ग्रामीण नागरिकलाई सर्वसुलभ स्वास्थ्य सुविधा उपलब्ध गराउने उद्देश्यले निर्माण थालिएका ती अस्पताल सञ्चालनमा ल्याउन नसकिएको हो । जिल्लाका सात स्थानीय तहमध्ये कुश्मा र जलजला गाउँपालिकामा भवन निर्माण सम्पन्न भए पनि सञ्चालन हुन सकेको छैन। अन्य स्थानीय तहमा अस्पताल निर्माण सम्पन्न भएको छैन । मोदी गाउँपालिका-५ स्थित बाजुङ पोखरेमा १५ शय्याको आधारभूत अस्पताल शिलान्यास गरिएको पाँच वर्ष बित्दासमेत जग्गा प्राप्तिको



प्रक्रिया पूरा हुन सकेको छैन । वडा नं ५ का वडाध्यक्ष मानबहादुर अधिकारीले जनताको माग अनुसार गाउँपालिका आफैँले गतवर्ष भवन भाडामा लिई आधारभूत अस्पताल सञ्चालन गर्ने योजना बनाएको बताउनुभयो ।

कुश्मा नगरपालिका-१२ ठूली पोखरीमा करिब रु पाँच करोडमा १० शय्याको आधारभूत अस्पताल भवन गतवर्ष निर्माण भए पनि स्रोतसाधनको अभावमा सञ्चालन गर्न नसकिएको सो वडाका वडाअध्यक्ष भलक रिमालको गुनासो छ । जलजला गाउँपालिकाका सूचना अधिकारी भेषराज आचार्यका अनुसार वडा नं ३ मल्लाजमा करिब रु १० करोडमा निर्माणाधीन आधारभूत अस्पतालको भवन निर्माण सम्पन्न भए पनि सञ्चालन गर्न सकिएको छैन। त्यसैगरी फलेवास नगरपालिका- ६ देविस्थानमा अस्पताल निर्माणका लागि पाँच रोपनी बढी जग्गा व्यवस्था गरिएको थियो । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट रु एक करोड ७० लाख प्राप्त भई भवन निर्माण थाले पनि सम्पन्न भएको छैन । महाशिला गाउँपालिका-५ लुङ्खुदेउरालीमा १५ शय्या बराबरको आधारभूत अस्पताल भवन निर्माण गर्न भनी ठेकेदारसँग रु १३ करोड ४१ लाखमा बोलपत्र भई विसं २०७८ मा सम्झौता भएको थियो । गाउँपालिकाका सूचना अधिकारी नरबहादुर बरालका अनुसार भवन निर्माण करिब २० प्रतिशत मात्र भएको छ। पैयुँ गाउँपालिका-४ हुवासमा रु १० करोडमा निर्माणाधीन १० शय्याको आधारभूत अस्पताल पटक पटक म्याद थप गर्दा पनि निर्माण सम्पन्न हुन सकेको छैन ।

त्यसैगरी विहादी गाउँपालकामा आधारभूत अस्पताल निर्माण हुन नसकेको प्रशासकीय अधिकृत यमनबहादुर रेग्मीले जानकारी दिनुभयो । सङ्घीय सरकारको सहयोगमा यसअघि वडा नं २ बर्राचौरमा निर्माण थालिएको १० शय्याको बिहादी अस्पताल सात वर्षदेखि अलपत्र छ ।

# गर्भवतीका लागि पोषण कार्यक्रम प्रभावकारी बन्दै

पोखरापत्र संवाददाता
बागलुङ, ५ भाद्र

बागलुङको ताराखोला गाउँपालिका जलविद्युत्को हबका रूपमा विकास भएको छ। ठाडो खोलाका रूपमा रहेको यहाँको ताराखोलामा हाल दुई जलविद्युत् आयोजना सम्पन्न भएका छन् भने दुई योजना निर्माणधीन र दुई प्रक्रियामा छन् ।

सयपत्री हाइड्रो कम्पनीले गाउँपालिका-२ र ३ मा पर्ने दरमखोलामा दुई दशमलव पाँच मेगावाट क्षमताको दरम खोला 'ए' जलविद्युत् आयोजना निर्माणसम्पन्न गरी विद्युत् उत्पादनसमेत गरिसकेको छ। यो निजी कम्पनीले बनाएको पहिलो आयोजना हो । यसअघि समुदायको प्रयासमा स-साना लघु जलविद्युत् सञ्चालनमा थिए।

सयपत्री जलविद्युत् निर्माणपश्चात् ताराखोलामा पाँचवटा जलविद्युत् आयोजना थपिने क्रममा रहेका छन्। जसमध्ये ताराखोला जलविद्युत् आयोजना सम्पन्न भइसकेको छभने अन्य चारवटा जलविद्युत् आयोजना निर्माणको चरणमा रहेका छन् । पाँच वर्षअघि ३८० किलोवाटको ताराखोला जलविद्युत् आयोजना निर्माणसम्पन्न भई राष्ट्रिय प्रसारण लाइनमा जोडिएको छ । हाल यहाँ मध्यताराखोला मध्य दरम ' ए' जलविद्युत् आयोजना धमाधम निर्माण भइरहेको छ । यस आयोजनाको ६० प्रतिशत काम सम्पन्न भइसकेको छ।

यस्तै दरम 'ए' जलविद्युत् आयोजनाको चार मेघावट क्षमताको पूर्वाधार निर्माणले गति लिएको छ । यहाँ ४० प्रतिशत पूर्वाधारको काम सम्पन्न भइसकेको आयोजना सञ्चालक मिलन खतिवडाले जानकारी दिनुभयो । यहाँ तीन दशमलव पाँच मेघावाट तल्लो ताराखोला जलविद्युत् आयोजना र चार दशमलव पाँच मेघावाट मध्यदरम 'बी' आयोजना निर्माणको प्रक्रियामा रहेको छ । ताराखोला गाउँपालिकाका अध्यक्ष धनबहादुर विकले ताराखोलामा जलविद्युत् आयोजनामा स्थानीयको समेत लगानी भएकाले यसको निर्माणले आर्थिक विकासमा ठूलो टेवा पुग्ने बताउनुभएको छ । "मध्ये ताराखोलारमध्यदरम'ए'जलविद्युत् आयोजनाले गति लिएको छभने ताराखोला हुँदै गलकोटसम्म अन्य तीन आयोजनाको कामसमेत अगाडि बढेको छ", उहाँले भन्नुभयो, "स्थानीयको समेत करोडौं लगानी रहेका जलविद्युत् आयोजना सम्पन्न भएमा ताराखोलाको आर्थिक विकासमा टेवा पुग्ने छ।" गाउँपालिका अध्यक्ष प्रकाश घर्तीले आयोजना निर्माणले गति लिएपछि स्थानीयस्तरमा उत्साह बढेको बताउनुहुन्छ । "हाम्रो गाउँपालिकामा विद्युत् उत्पादनका लागि धेरै आयोजना बन्नु गर्वको विषय हो । यसले पक्कै पनि गाउँपालिका आर्थिक उन्नयन र नागरिकको जीवनमा सकारात्मक प्रभाव पर्नेछ । यसकारण सबै उत्साहित छौं।"

# सेवा निवृत्तिपछि ड्रागन खेतीमा रमाउँदै त्रिपाठी

पोखरापत्र संवाददाता
पोखरा, ५ भाद्र

साढे तीनदशक सरकारी जागिरमा समय विताएर सेवा निवृत्त भएका भित्रलाल त्रिपाठी यतिखेर ड्रागन फ्रुटखेतीमा लाग्नु भएको छ। सेवानिवृत्त जीवनलाई सक्रिय बनाउने दृढताका साथ उहाँ व्यवसायिक ड्रागन खेतीमा लाग्नु भएको हो।

सङ्घीय सडक तथा सुपरिवेक्षण अनुगमन कार्यालयबाट सेवा निवृत्तिभरण हुनुभएका त्रिपाठीले पोखरा महानगरपालिका-२५ हेमजाको फुर्केटारीस्थितबर्षौंदेखिबाँझिएको भिरालोपाखोमाव्यवसायिकड्रागन खेती गर्नुभएको छ। जङ्गलको छेउमा अमेरिका, इण्डोनेसिया, थाइल्याण्ड, भियतनाम, मलेसिया, थाइल्याण्ड, ताइवान, भारतको तामेलनाडुलगायतका बिभिन्न देशबाट ल्याएका ९० भन्दाबढी प्रजाति ड्रागन फलका विरुवाले फलदिन थालेको उहाँले बताउनुभयो।

पारिवारिक घुमफिरका लागि अमेरिकामा जाँदा ड्रागन फलको स्वाद पाएपछि फर्कँदा ल्याएको एउटा विरुवा गमलामा रोपेको बताउँदै उहाँले भन्नुभयो, "राम्रो उत्पादन दिएपछि आफ्नो वर्षौंदेखि बाँझिएको जग्गामा व्यवसायिक ड्रागन खेती सुरू गर्ने प्रेरणा श्रोत हो ।" समुन्द्री सतहदेखि ११०० मिटरको उचाइ, ३ देखि ३२ डिक्री तापक्रम, तीनदेखि चार हजारसम्म मिलिमिटर औषत वर्षा रहेको सो १० रोपनी जग्गामा लगाएका दुई हजार विरुवाले फल दिन थालेको फुर्केटारी एग्रो (ड्रागन फ्रुटस) फर्मका प्रोपाइटरसमेत रहनुभएका कृषक त्रिपाठी बताउनुहुन्छ ।



उहाँले भन्नुभयो, "२०८० वैशाख १२ गते विधिवत रूपमा फुर्केटारी एग्रो(ड्रागन फ्रुटस)फर्म दर्ता गरेर सुरू गरेको व्यवसायिक ड्रागन खेतीले पहिलो वर्षबाटै उत्पादन दिन सुरू गरेको हो।"

यस वर्ष उत्पादन राम्रो भएको छ, आफूले खाएर, इष्टमित्रलाई चखाएर पनि दुई लाखभन्दा बढीको ड्रागन फल बिक्री गरेको उहाँले बताउनुभयो । उत्पादित फल फर्मबाटै प्रतिकेजी ५०० का दरले बिक्री हुने गरेको छ।

खरिदका लागि ग्राहक फर्मै आउनुहुन्छ आफै टिप्नु हुन्छ र तौलेर लैजानले गरेको बताउँदै त्रिपाठी भन्नुहुन्छ उत्पादित फल पोखरा बजार मुलुकका विभिन्न सहरलगायत अमेरिका र भारतमा समेत पठाएको उहाँको भनाइ छ। उहाँले फर्म सुरू गर्नुभन्दा पहिलो एक हजार छसय डलर तिरेर भियतनामको एक ड्रागन फर्ममा एक हप्ते तालिमसमेत लिएको अनुभव सुनाउनुभयो।

"उत्पादित फल बिक्री हुँदैनकी भन्नु पर्दै ड्रागनका पारखि फर्मै आउनु हुन्छ" उहाँले भन्नुभयो, बजारको मागअनुसारको फल पुऱ्याउन सकेको छैन। बढीमा एकै दिनमा ६० केजीसम्म उत्पादन हुने गरेको छ। ड्रागनले रोपेको पहिलो वर्षमा फल्ने र लगातार २० वर्षसम्म उत्पादन दिने गर्दछ । त्रिपाठीले भन्नुभयो, फर्ममा अहिलेसम्म ५० लाख खर्च भइसकेको छ भने कृषि ज्ञान केन्द्र कास्कीबाट आर्थिक वर्ष २०८१। ०८२ मा चार लाख ७६ हजार ९८५ रूपैया बरावरको आर्थिक एवम् प्राविधिक सहयोग पाप्त भएको थियो। पक्कि पिल्लरमा फलामे ट्रष्ट लगाएर निर्माण गरिएको फर्ममा यतिखेर लटरम्म ड्रागन फलेको छ, हिंउदको समयमा पर्ने असिनाबाट वोट र फल जोगाउँका लागि उहाँले जाली राख्ने फ्रेम समेत निर्माण गर्नुभएको छ।

फर्मभित्र केही महिनाअघि दुईवटा बाँदर पसेका थिए, घुमेर फर्किय वोटमा काँडा भएको कारण फल खाने आट गर्न सकेनन् । देशै भरी बाँदरको आतङ्कका कारण बाँझिएको जग्गामा यस्ता खेतीलाई जोड दिनु उपयुक्त हुने उहाँको सुझाव रहेको छ । जग्गा बाँझो नराखौ भन्ने अभियानमा जुट्नुभएका त्रिपाठीले ड्रागनको फल मात्र नभई विरुवासमेत बिक्री गर्दै आउनुभएको छ । एउटा विरुवा रु २०० देखि एक हजारसम्ममा बिक्री गर्दै आएको रासससँग कुरा गर्दै उहाँले थप्नुभयो, फुर्केटारी ड्रागन फर्मका विरुवा नेपालको विभिन्न स्थानसहित भारतको दार्जलिङसम्म पुगेका छन्। विरुवा बिक्रीबाट पनि राम्रो आम्दानी हुँने गरेको छ । फर्ममा एउटा फलको तौल ४०० ग्रामदेखि एक किलो ३२ ग्रामसम्मको फलेको बताउँदै उहाँले सरकारी सेवाबाट निभृत्तिभरण भई सकेपछिको समय अनावश्यक रूपमा खर्च गर्नुभन्दा कृषि कर्ममा लाग्दा अत्यन्त खुशी लागेको बताउनुभयो । फर्ममा दैनिक दुइदेखि पाँच जनाले रोजगारीसमेत प्राप्त गरेका छन्।

पोखरा-२५ का वडाअध्यक्ष मोतिलाल तिमिल्सिनाका अनुसार आलु गाउँले परिचित हेमजामा पछिल्लो समय कृषक ड्रागन खेतीतर्फ आकर्षित हुँदै गएको बताउनुभयो । फुर्केटारी एग्रो फर्मले ड्रागन फल उत्पादनका साथै गुणस्तरलाई जोड दिँदै आएको कारण यो क्षेत्र पछिल्लो समय ड्रागनको रूपले परिचित हुँदै गएको उहाँको भनाइ रहेको छ । पोखरा महानगरपालिका कृषि महाशाखा प्रमुख मनोहर कडरियाले फुर्केटारी एग्रो फर्मको स्थलगत अध्ययन गरेको जनाउँदै मुलुकमा ड्रागन खेती विस्तार हुने क्रम बढेपनि पुर्केटारीमा उत्पादित फल स्वादिष्ट भएको बताउनुभयो । बालबालिका र जेष्ठ नागरिकसमेतलाई खान रुचाउने नरम प्रकृतिको ड्रागन फलमा पानी, प्रोटिन, खरानी, चिल्लो पदार्थ, रेसा, क्यारोटिन, क्याल्सियम फोसफोरस, फलाम, भिटामिन वान, भिटामिन बिटु, भिटामिन बिथ्री, भिटामिन सी, थायमिन र नियसिनलगायतका तत्व पाइने कृषि विज्ञको धारणा छ।

# गोरखाले जित्यो गण्डकी प्रदेश स्तरीय कृषि तीज गीत प्रतियोगिताको उपाधि

पोखरापत्र संवाददाता
पोखरा, ५ भाद्र

एपोलो पेन्ट्स प्रिजेन्ट्स गण्डकी प्रदेश स्तरीय कृषि तीज गीत प्रतियोगिताको उपाधि गोरखाले जितेको छ । पब्लिक फोरके टेलिभिजनको आयोजना एवं प्रदेश कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको समन्वयमा पोखरा उद्योग वाणिज्य संघको सभाहलमा बिहीबार भएको प्रतियोगिताको उपाधि गोरखाले जितेको हो। उपाधिसँगै गोरखाले ५५ हजार ५५५ रुपैयाँसहित प्रमाणपत्र हात पाऱ्यो।

कास्कीले दोस्रो र पर्वतले तेस्रो स्थान हासिल गरे । दोस्रो हुने कास्कीले ३३ हजार ३३३ र तेस्रो हुने पर्वतले २२ हजार २२२ रुपैयाँ प्राप्त गरे। बागलुङ र स्याङ्जा सान्त्वना बने । उनीहरुले समान ११ हजार १११ हजार रुपैयाँ पाए। प्रतियोगितामा गण्डकी प्रदेशका मनाङ र मुस्ताङबाहेकका जिल्लाले सहभागिता जनाएका थिए । म्याग्दी, तनहुँ र नवलपुरका सहभागी नृत्य र भेषभुषातर्फ उत्कृष्ट बने। उनीहरुले



सारी पुरस्कार पाए। पुरस्कृतलाई गण्डकी प्रदेशकी कार्यवाहक मुख्यमन्त्री पद्मा जिसी श्रेष्ठ, पब्लिक टेलिभिजनका अध्यक्ष सविन भट्टले नगद र प्रमाणपत्र हस्तान्तरण गरे।

कार्यक्रममा टेलिभिजनले पोखरा महानगरपालिका–१६ का गन्धर्व आमा समूहलाई मौलिक तीज गीत संरक्षणमा योगदान दिएको भन्दै नगद २५ हजारसहित सम्मान गरेको छ । उनीहरुलाई पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले नगदसहित सम्मानपत्र हस्तान्तरण गरे । कार्यक्रममा चर्चित कलाकार राजु परियार, प्रजापती पराजुली, शुशिला गौतम, राजन कार्की, सरला पाण्डे लगायतका कलाकारहरुको प्रस्तुति दिएका थिए। कार्यक्रमकी प्रमुख अतिथि गण्डकी प्रदेशकी कार्यवाहक मुख्यमन्त्री पद्मा जिसी श्रेष्ठले प्रदेश समुन्नत बनाउने आधार कृषि भएकाले कृषिलाई पर्यटकसँग जोड्न सकिएमात्रै प्रदेश समुन्नत हुने बताइन्।

गीतमा समावेश भएका विषयवस्तु सचेतना फैलाउने खालेको भएको जिसीले उल्लेख गरिन् । आगामी दिनमा सचेतना फैलाउने र महिला शसक्तिकरणको कार्यक्रम अघि बढाउने उनले प्रतिवद्धता जनाइन्।

# दूधमा अनुदानका लागि ३५ लाख बजेट विनियोजन

पोखरापत्र संवाददाता
दमौली, ५ भाद्र

तनहुँको बन्दीपुर गाउँपालिकाले दूध उत्पादनमा कृषकलाई अनुदान दिन रु ३५ लाख बजेट विनियोजन गरेको छ।

दूध उत्पादक कृषकलाई प्रोत्साहनका लागि पालिकाले आगामी चालु आर्थिक वर्ष २०८२/८३ का लागि रु ३५ लाख बजेट विनियोजन गरेको हो । सहकारीमार्फत् दूध बिक्री गर्ने कृषकलाई प्रोत्साहन गर्न प्रति लिटर रु दुई अनुदान दिने व्यवस्था मिलाइएको गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "दूध उत्पादनमा अनुदान कार्यक्रमले कृषकलाई पशुपालनतर्फ आकर्षित गर्न सहयोग पुऱ्याएको छ, साथै गाउँपालिकालाई दूधमा आत्मनिर्भर बनाउन पनि टेवा पुग्छ ।" बन्दीपुर-१ स्थित सूर्योदय दुग्ध उत्पादक सहकारी र बन्दीपुर-५ स्थित याम्पा दुग्ध उत्पादक सहकारी संस्थामा आबद्ध कृषकले उत्पादनका आधारमा अनुदान रकम पाउँदै आएका छन्। सहकारीमार्फत् दूध बिक्री गर्ने कृषकलाई उत्पादनका आधारमा रु दुईका दरले अनुदान उपलब्ध गराउने गरिएको छ।

गाउँपालिकाले मौरीपलन, मुसरो, तोरीखेती, च्याउखेती, मकैबाली प्रवर्द्धन, व्यावसायिक फलफूलखेती प्रवर्द्धन, बीउबिजन वितरण कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको जनाएको छ। हाटबजार व्यवस्थापन तथा सञ्चालनका लागि रु नौ लाख बजेट विनियोजन गरिएको बताउँदै थापाले गाउँपालिकामा धर्म, संस्कृति, भेषभूषा, कला र साहित्यको संरक्षण तथा प्रवर्द्धनका लागि आवश्यक बजेट विनियोजन गरिएको उल्लेख गर्नुभयो। त्यस्तै नयाँ पर्यटकीय गन्तव्यको पहिचान तथा गाउँपालिकाभित्र पर्यटकीय दृष्टिले महत्वपूर्ण रहेका पर्यटकीय स्थलहरूको प्रवर्द्धन गर्न आवश्यक बजेट विनियोजन गरिएको थापाले उल्लेख गर्नुभयो। गाउँपालिकाले युवाहरूलाई बजार मागको आधारमा व्यावसायिक सीपमूलक तालिम, वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिलाई उद्यमशीलता तालिम, पूर्व सिकाइ मान्यताको विधिबाट सीप परीक्षण कार्य, पालिकाभित्र उत्पादन भएका वस्तुहरूको प्रदर्शनी एवं बजारीकरणका लागि रु २० लाख विनियोजन गरेको छ । ज्येष्ठ नागरिक स्वास्थ्य परीक्षण तथा घरदैलो कार्यक्रम, नसर्ने रोग स्क्रिनिङ अभियान, विपन्न तथा कडा रोग लागेका विपन्न नागरिकलाई निःशुल्क स्वास्थ्य बीमा कार्यक्रम, महिलाहरूको पाठेघरको मुखमा हुने क्यान्सर रोगको पहिचान निदान तथा उपचार शिविर सञ्चालनका लागि बजेट विनियोजन गरिएको थापाले बताउनुभयो। यस्तै गाउँपालिकाभित्र हुने प्राकृतिक प्रकोप तथा विपद्को पूर्व तयारी प्रतिकार्य र पुर्नलाभ कार्यका लागि रु २५ लाख, वृक्षारोपण एवं वन वातावरण संरक्षण र फोहरमैला व्यवस्थापनका लागि रु १५ लाख विनियोजन गरिएको थापाको भनाइ छ।

# नेपाल दशनामी समाज कास्कीको दरखाने कार्यक्रम सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, ५ भाद्र

नेपाली नारीहरुको महान पर्व हरितालिका तीजको अवसरमा नेपाल दशनामी समाज कास्कीले शुभकामना आदानप्रदान तथा दर खाने कार्यक्रम बिहिबार सम्पन्न गरेको छ।

कार्यक्रमको उद्घाटन नेपाल दशनामी समाज केन्द्रीय समितिका उपाध्यक्ष सरस्वती गिरीले उद्घाटन गर्दै उपाध्यक्ष गिरीले दशनामीहरु वीच एकता कायम गर्दै मौलिक संस्कार र संस्कृति संरक्षण गर्नुपर्ने खाँचो औल्याउनुभयो।

तीजको अवसरमा आयोजित कार्यक्रममा उहाँले महिलाहरु संघसंस्था र राजनीतिमा सक्रिय हुदै नेतृत्व तहमा पुग्नुपर्नेमा जोड दिनुभयो । महिलालाई अगाडी बढाउन र नेतृत्वमा ल्याउन दाजुभाइहरुको भुमिका महत्वपूर्ण हुने उपाध्यक्ष गिरीले बताउनुभयो।

समाजका केन्द्रीय सदस्य शारदा गिरी,दशनामी समाज कास्कीका उपाध्यक्ष भरत गिरी, गण्डकी प्रदेश समाज अध्यक्ष मोति गिरी लगायतले समाजका बारेमा बोल्नुभएको थियो।

कार्यक्रममा समाजका केन्द्रीय सल्लाहाकार गोपाल गिरी, दोहोरी गायिका माया गिरीले तीज गीत गाएर सबैलाई नचाउनु भएको थियो।

कार्यक्रममा आयोजित तीज गीत नृत्य प्रतियोगितामा मेरी गिरी प्रथम, रोसनी गिरी दोश्रो, दिक्षा गिरी तेश्रो र मनिसा गिरीले सन्त्वना स्थान प्राप्त गर्नुभयो । कार्यक्रम नेपाल दशनामी समाज कास्कीका अध्यक्ष भुपेन्द्र गिरीको अध्यक्षतामा भएको थियो भने संचालन सचिव बोधराज गिरीले गर्नुभएको थियो।